प.सं. प्रशासन /०६९/०७० मिति :– २०७०।२।२
च.नं.

**विषय : निर्णय उतार पठाइएको सम्बन्धमा ।**

श्री सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालय
न.पा. व्यवस्थापन शाखा
सिंहदरवार ।

प्रस्तुत विषयमा यस कार्यालयको न.पा. वोर्डले मिति २०७० साल बैशाख महिनामा गरेको निर्णय उतार तपसिल बमोजिम रहेको व्यहोरा अनुरोध छ ।

**तपसिल**

**मिति २०७०।१।१६ गतेको न.पा. बोर्ड बैठकको निर्णय उतार**

नगरपालिका बोर्ड बैठक प्रमुख एवं कार्यकारी अधिकृत श्री टीकादत्त राई ज्यूको अध्यक्षतामा निम्न उपस्थितिमा बस्यो ।

**उपस्थिति**

श्री टीकादत्त राई – प्रमुख/का.अ. सि.न.पा.

**आमन्त्रीत**

श्री शैलेन्द्र प्रसाद श्रेष्ठ – ब.ई. सि.न.पा.
श्री बिवेक कुमार खनाल – ब.अ. सि.न.पा.
श्री गणेश बहादुर क्षेत्री – ब.अ. सि.न.पा.
श्री देव प्रसाद ज्ञवाली – शाखा अधिकृत
श्री श्रीराम गुप्ता – अध्यक्ष, कर्मचारी एशोसिएशन

**निर्णय नं. १ (एक)**

नेपाल सरकार तथा एशियाली विकास बैंकको ऋण तथा अनुदान सहयोगमा सिद्धार्थनगर नगरपालिकामा संचालित एकीकृत शहरी विकास परियोजना (IUDP) को लागि NGO for Community Development Program को NGO छनौटको प्रारम्भिक काम भई सकेको हुँदा परियोजना सम्बन्धि अग्रिम कार्यवाहीका लागि सिद्धार्थनगर नगरपालिकाका आधिकारीक पदाधिकारी तथा Nepal Rural Development Centre (NRDC), Koteshwor, Kathmandu का आधिकारीक प्रतिनिधी विच मिति २०७०।०१।१५ मा भएको द्विपक्षीय सम्झौता समेतलाई समावेश गरी तयार भएको सम्झौताको मस्यौदा (Draft Contract Negotiation, Submission 4 Report) परियोजना समन्वय कार्यालय (PCO) तथा ADB मा आवश्यक निर्णयार्थ पठाउने निर्णय गरियो ।




**"एक घर एक चर्पी नजिकैमा धारा, खुल्ला दिशा मुक्त नगर बनाउँ हामी मिली सारा" - सिद्धार्थनगर नगरपालिका**
फोन नं. : ५२०३५५, ५२०९०८, ५२०२९२, फ्याक्स : ००९७७-७१-५२०१६५
e-mail: siddhartha_bhw@ntc.net.np; http/:www.siddharthanagar.org.np

**निर्णय नं.२ (दुई)**

नेपाल सरकार तथा एशियाली विकास बैंकको ऋण तथा अनुदान सहयोगमा सिद्धार्थनगर नगरपालिकामा संचालित एकीकृत शहरी विकास परियोजना (IUDP) को लागि Design and Supervision Consultant (DSC) छनौट भई सकेको हुँदा परियोजना सम्बन्धि अग्रिम कार्यवाहीका लागि सिद्धार्थनगर नगरपालिकाका आधिकारीक पदाधिकारी तथा GOEC Nepal (P) Ltd. in JV with Technocrat Consultancy, New Baneshwor, Kathmandu, Nepal का आधिकारीक प्रतिनिधी विच मिति २०७०।०१।१६ मा भएको द्विपक्षीय सम्झौतालाई अनुमोदन गर्दै सो सम्झौता समेत समावेश गरी तयार भएको सम्झौता (Contract Signing, Submission 5 Report) परियोजना समन्वय कार्यालय (PCO) तथा ADB मा पठाउने निर्णय गरियो । साथै Design and Supervision Consultant (DSC) को लागि छनौट भएको Consultant लाई सम्झौता अनुसार कार्य सम्पन्न गर्ने गरी कार्यादेश (Letter to proceed) दिने निर्णय गरियो ।

**निर्णय नं. ३(तिन)**

यस न.पा. लाई चालु आ.ब. २०६९।०७० को लागी शहरी सडक मर्मत प्रयोजनको लागी सडक वोर्ड नेपालबाट प्राप्त हुने रकम रु ६,९९,०००।– र न. पा. बाट रु १,५०,०००।– तथा स्थानीय उपभोक्ताबाट रु १,५०,०००।– गरी कुल जम्मा रु ९,९९,०००।–(अक्षेरुपी नौ लाख उनान्सय हजार मात्र) बाट सि.न.पा. वडा नं. ८ क्षेत्रको शहरी सडक मर्मत संभार गर्ने निर्णय गरियो ।

**मिति २०७०।१।२४ गतेको न.पा. बोर्ड बैठकको निर्णय उतार**

**निर्णय नं. १ (एक)**

सिद्धार्थनगर नगरपालिका वार्ड नं. ९ को वडा कार्यालयमा मिति २०७०।१।२८ गते विहान ९.०० बजे देखि साँझ ६.०० बजे सम्म निशुल्क दन्त शिविर कार्यक्रम सञ्चालन गर्न रु १२,०००।– (अक्षेरुपी बाह्र हजार) विनियोजन गरियो ।

**निर्णय नं. २ (दुई)**

भैरहवा वेडमिन्टन क्लवको अधुरो सेडमा जि. आई पाईप जस्ता पाताको लागी रु ५०,०००।– (अक्षरुपी पचास हजार मात्र) विनियोजन गर्ने निर्णय गरियो ।



"एक घर एक चर्पी नजिकैमा धारा, खुल्ला दिशा मुक्त नगर बनाउँ हामी मिली सारा" - सिद्धार्थनगर नगरपालिका
फोन नं. : ५२०३५५, ५२०९०८, ५२०२९२, फ्याक्स : ००९७७-७१-५२०१६५
e-mail: siddhartha_bhw@ntc.net.np; http/:www.siddharthanagar.org.np

**निर्णय न.. ३ (तिन)**

श्री राधाकृष्ण मन्दिर वार्ड नं. १३ मालटोलको मिति २०७०।१।१६ को पत्र मार्फत मन्दिरमा अधुरो भएको रंग रोगन गरी दिनु हुन भनी अनुरोध भई आएकोले सो मन्दिरमा रु ५०,०००।– (अक्षरुपी पचास हजार मात्र) सम्मको रंग रोगन गरी दिने निर्णय गरियो ।

**निर्णय नं. ४(चार)**

सार्वजनिक सडक पेटीमा राखिएको सामाग्री पक्राउ गरी ल्याएको सामान फिर्ता गर्ने क्रममा कार्यालयका अधिकृत कर्मचारीह्रुबाट गरिएको जरिवाना अनुमोदन गरियो ।



फोन नं. : ५२०३५५, ५२०९०८, ५२०२९२, फ्याक्स : ००९७७-७१-५२०१६५
e-mail: siddhartha_bhw@ntc.net.np; http/:www.siddharthanagar.org.np